बागमती प्रदेश सरकार

संस्कृति तथा पर्यटन मन्त्रालय

र

अन्तर्गत

# आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०७९

(बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयको (माननीय मन्त्रीस्तर) बाट मिति २०७९/०३/३१ मा स्वीकृत)

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, मकवानपुर
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार

**संस्कृति तथा पर्यटन मन्त्रालय**

हेटौंडा, मकवानपुर

आ.व.०७९/८०



सचिव

**प्रस्तावना**

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम तथा वजेट अन्तर्गत संस्कृति तथा पर्यटन मंन्त्रालय र मातहतका निकायहरुको स्वीकृत कार्यक्रम तथा वजेटलाई कानुनी प्रक्रिया पुर्याई, सरल र पारदर्शी वनाई कार्यान्वायन गर्न वान्छनीय भएकोले सोको मार्गदर्शन वमोजिम यो कार्यविधि बनाईएको छ।

परिच्छेद-१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि आर्थिक वर्ष शुरु भएको मिति देखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "आयोजना" भन्नाले पर्यटन विकास आयोजना, हेटौडालाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालय र मातहतको निकायबाट कार्यान्वयन हुने आ.व.२०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम/क्रियाकलाप सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले संस्कृति तथा पर्यटन मन्त्रालय अन्तर्गत स्थापना भएका कार्यालय वा निकाय सम्झनु पर्छ।

(घ) "कार्यालय प्रमुख" भन्नाले तोकिएको कार्यालयको प्रमुख कर्मचारी सम्झनु पर्छ।

(ङ) "कार्यविधि" भन्नाले आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ लाई सम्झनु पर्छ।

(च) "प्राविधिक समिति" भन्नाले सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, डि.पी.आर. तथा अन्य अध्ययन कार्यको परामर्शदाताले पेश गरेको प्रतिवेदन पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न गठन गरिएको विशेषज्ञ इन्जिनियर तथा सिनियर विशेषज्ञ इन्जिनियरको समितिलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले कार्यक्रम लागु हुने स्थानको स्थानीय तह सम्झनु पर्छ।

परिच्छेद-२

मार्गदर्शन

३. कार्यान्वयन गर्ने निकाय: (१) पर्यटन पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धन कार्यक्रमहरु संस्कृति तथा पर्यटन मन्त्रालय, पर्यटन विकास आयोजना, उपत्यका पर्यटन कार्यालय, पर्यटन विकास आयोजना इकाई कार्यालय, प्रदेश सरकार र अन्तर्गतका कार्यालयहरु मार्फत कार्यान्वयन गरिनेछ।

(२) कार्यक्रम कार्यान्वय गर्दा स्थानीय तह, अन्य साझेदार तथा संघिय सरकारका निकाय वा कार्यालयसंग आवश्यक भएमा सहकार्य र समन्वय गरिनेछ।

सचिव

४. स्थान छनोट गर्ने : (१) स्वीकृत वार्षिक कार्यक्रम तोकिएको स्थानमा संचालन गरिनेछ । तर वार्षिक कार्यक्रममा स्थान उल्लेख नगरिएको हकमा भएका कार्यक्रमको लागि सम्बन्धित निर्वाचन क्षेत्रका माननीय सदस्य (प्रदेश सभा), स्थानीय तह लगायत सरोकारवालासंगको सुझाव र समन्वयमा उपयुक्त स्थानको छनोट गरिनेछ ।

५. लागत सहभागिता: (१) उपभोक्ता समितिले संचालन गर्ने कार्यक्रममा जनसहभागिता वापत उपभोक्ता समितिबाट लागत सहभागिता १० प्रतिशत रकम राख्न लगाई कार्यक्रम संचालन गरिनेछ ।

६. अन्य कानून आकर्षित हुने: (१)सामुदायिक वन क्षेत्रमा संचालन गरिने पर्यटन पूर्वाधार सम्वन्धि कार्यक्रमहरु "वन ऐन, २०७६ र वन नियमावली, २०७९" बमोजिम सञ्चालन गरिनेछ ।

(२) वन क्षेत्रमा संचालन गरिने पर्यटन पूर्वाधार संबन्धि कार्यक्रमहरु वन संग सम्बन्धित निकायहरु संग समन्वय, सहकार्य गरि सहमती लिनु पर्ने भए सो समेत लिई कार्यक्रम संचालन गरिनेछ ।

(३) ऐतिहासिक प्राचिन स्मारक तथा पुरातत्वसँग सम्बन्धित कार्यहरु प्राचिन स्मारक संरक्षण ऐन, नियमावली र कार्यविधी बमोजिम गरिनेछ ।

७. खरिद प्रकृया: पर्यटन पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, प्रदेश आर्थिक ऐन, प्रदेश सार्वजनिक खरिद नियमावली,२०७६ एवंम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त अख्तियारी मार्गदर्शन अनुसार गरिने छ ।

८. प्रस्ताव स्वीकृत गर्ने: (१)वार्षिक कार्यक्रम संचालन गर्ने उपभोक्ता समिति, लक्षित समूह र सरोकारवाला पक्षले सम्बन्धित योजनाको अवधारणा, कार्ययोजना, गुरुयोजना, डि.पी.आर. तथा लागत अनुमान अन्य सरकारी निकाय, स्थानीय तह नेपाल सरकारबाट मान्यता प्राप्त सेवा प्रदायक संस्था वा कम्पनीबाट तयार गरी पेश गर्न सक्नेछ । उक्त कागजातहरु आयोजनाका प्राविधिकबाट पुनरावलोकन गरी आवश्यक भएमा स्वीकृत गर्न सकिनेछ ।

(२) मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन हुने कार्यक्रमहरुको प्राविधिकहरुवाट सर्भे डिजाईन तथा लागत ईष्टिमेट तयार गरी प्रचलित कानुन बमोजिम उपभोक्ता समिति वा बोलपत्र प्रक्रृया मार्फत् कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-३

## उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम

९. उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम: (१) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पर्यटकीय पूर्वाधार निर्माणको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ ।

तर

(२) देहाय बमोजिमको कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गरिने छैनः-

(क) प्राविधिक रुपमा जटिल कार्य भनि प्राविधिक प्रतिवेदन प्राप्त भएको,

(ख) हेभी उपकरणहरु प्रयोग गर्नु पर्ने भनि प्रविधिक प्रतिवेदन प्राप्त भएको कार्य,



सचिव

(ग) पिलर, बीम तथा स्लाब ढलान / कास्टिङ्ग गर्नु पर्ने एक तला भन्दा बढीको नयाँ ठुला भवन निर्माण कार्य,

तर,

पिलर, बीम तथा स्लाब ढलान गर्नुपर्ने भए पनि वजारवाट निर्माण सामाग्री खरीद गरि ज्यामी/कामदार/मजदुर तथा कालीगढहरुलाई डोरहाजीरमा काममा लगाई सम्पन्न गर्न सकिने सानातिना कामहरु जस्तैः प्रवेशद्वार, शौचालय, कम्पाउण्डवाल, सभाहल/भवन, फर्निसिङ, प्रिकाष्ट भवन, ट्रस भवन, प्रिफाव भवन, सानातिना मन्दिर, गुम्वा, चर्च, मस्जिद र सोको परिसरमा गरिने निर्माण कार्य, गजेवो, पाटी, सत्तल, विश्राम स्थल, चौतारा, प्रतिक्षालय, एक तला स्लाव ढलानमाथि पिलर खडा गरी फलामे ट्रसको संरचना; निर्मित भवनमा एक तलासम्म थप्ने, निर्मित भवनमा प्लाष्टर गर्ने, झ्यालढोकाको काम, रंगरोगन, इन्टरिएर डिजाईन सम्वन्धि काम, सौन्दर्यकरण, मन्दिरको छाना, छाना र भित्तामा वुट्टा निकाल्ने; टायल, मार्वल, मूर्ति, शालिक र सोको प्ल्याटफर्म जस्ता कामहरु उपभोक्ता समितिमार्फत गर्न सकिनेछ ।

(घ) कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको एवं ठेक्का मार्फत कार्य गरिदिन भनी सिफारिस भै अएको काम,

(ङ) लाभग्राही समुदायले कम्तिमा १० प्रतिशत लागत सहभागिता व्यहोर्न नसक्ने,

(च) निर्माण कार्य सम्पन्न भए पश्चात उपभोक्ता समितिमा योजना हस्तान्तरण हुन नसक्ने,

(छ) निर्मित योजनाको संरक्षण तथा मर्मत संभार उपभोक्ता समितिबाट हुन नसक्ने ।

१०. उपभोक्ता समिति गठनः (१) सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षता, उपस्थिति वा रोहवरमा भएको भेलाबाट लाभग्राहीहरु मध्येबाट एक उपभोक्ता समिति गठन गर्नु पर्नेछ र समितिमा एक तिहाई महिलाको सहभागिता हुनु पर्नेछ ।

(२) त्यसरी गठन भएको उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

(३) उपभोक्ता समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।

(क) उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(ख) उपभोक्ता समितिले कार्यालयबाट खटाइएका प्राविधिक कर्मचारीले दिइएको नीतिगत, प्राविधिक तथा व्यवस्थापकीय सल्लाह बमोजिमको कार्य सञ्चालन गर्नु पर्नेछ ।

(ग) सम्पन्न भएका योजनाको संरक्षण, सदुपयोग, सम्वर्द्धन, मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।

सचिव

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

११.प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृतिः (१) सम्बन्धित प्राविधिकले स्वीकृत वार्षिक कार्यक्रमको स्थलगत अवलोकन गरि फिल्ड सर्वेक्षणको प्रतिवेदन पेश गर्नु पर्नेछ ।सो प्रतिवेदनको आधारमा विस्तृत सर्भे गरि डिजाइन तथा लागत अनुमान तयार गरिनेछ ।

(२) त्यस्तो डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सुझाव, र आवश्यकतालाई पनि आधार लिन सकिने छ ।

(३) उपदफा (१) बमोजिम तयार भएको लागत अनुमानमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि स्पष्ट खुलेको हुनु पर्नेछ ।

(४) उपदफा (१)(२) र (३) बमोजिमका विवरणहरुको आधारमा आवश्यक प्रक्रिया अपनाई कार्यालय प्रमुखले स्वीकृत गर्नेछ ।

१२. कार्यक्रम कार्यान्वयनः (१) कार्यक्रम सम्झौता गर्दा देहायको कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) योजनाको कूल लागतको १० प्रतिशत रकम उपभोक्ता समितिको बैक खातामा जम्मा गरेको प्रमाण,

(ख) उपभोक्ता समिति गठन सम्बन्धि निर्णय,

(ग) सम्बन्धित पालिका वा वडाको सिफारिस र सकेसम्म सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्यको सिफारिस,

(घ) आयोजनाका प्राविधिकले तयार पारेको डिजाईन, नक्सा सहितको लागत अनुमान,

(ङ) उपभोक्ता समितिले सम्झौता गरी पाउनको लागि दिएको निवेदन ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातको जाँचबुझ गरि नियमसंगत देखिएमा सम्झौता गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गरिएका उपभोक्ता समितिलाई कार्यदिश दिई सो को बोधार्थ सम्बन्धित स्थानिय तह तथा कार्यार्थ सम्बन्धित प्राविधिकहरुलाई दिइनेछ ।

(४) कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गुणस्तर लगायतका सूचकहरु समावेश गरिनेछ।

(५) कार्यदिश बमोजिम तोकिएको प्राविधिकहरुले सम्झौता बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न नियमित रुपमा प्राविधिक सरसल्लाह, समन्वय र निर्माण व्यवस्थापनमा सहजीकरण गर्नेछन्।

(६) सञ्चालित कार्यक्रमहरु आयोजना, सम्बन्धित कार्यालय तथा मन्त्रालयबाट अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराउन सक्नेछ ।

१३. सन्चालित कार्यक्रमको भुक्तानी : (१) दफा १२(२) बमोजिम संम्झौता भएको कार्यक्रम कार्यान्वयन गर्न अग्रीम पेश्की उपलव्ध गराईनेछैन।

तर

(२) निर्माण सामाग्री खरीद वा संकलन गरी निर्माणस्थलमा ल्याईसकेको भए वा आंशिक कार्य सम्पन्न गरेको भए सम्वन्धित प्राविधिकको प्रतिवेदन र सिफारिसको आधारमा सोको वील भरपाई वा प्रमाण संलग्न राखी संझौता रकमको एक तिहाई रकम नवढ्ने गरी पेश्की उपलव्ध गराउन सकिनेछ ।



सचिव

(३) संम्झौता बमोजिम सम्पन्न कामको नापजांच र मुल्यांकन गरी प्रत्येक योजनाको लागी वढीमा दुई किस्ता रकम भुक्तानी गर्न सकिनेछ ।

(४) सम्पन्न कामको किस्ता भुक्तानी गर्दा देहायको कागाजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) सम्वन्धित उपभोक्ता समितिको निर्णय सहितको निवेदन,

(ख) उपभोक्ता समितिको विल भरपाई र खर्च समर्थन गरेको निर्णय,

(ग) सम्पन्न कामको नापी किताव,

(घ) किस्ता भुक्तानी विल,

(ङ) सम्पन्न कामको फोटोहरु,

(च) सम्वन्धित पालिका वा वडा कार्यालयको सिफारिस,

(छ) खर्चका विल भरपाई र डोरहाजीर फारामहरु,

(ज) सम्वन्धित प्राविधिकहरुको अनुगमन प्रतिवेदन सहितको सिफारिस,

(झ) योजना तथा पर्यटन पूर्वाधार विकास हेर्ने शाखाको शिफारिस ।

(५) सम्पन्न कामको अन्तिम किस्ता भुक्तानी गर्दा देहायको कागाजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) सम्वन्धित उपभोक्ता समितिको काम सम्पन्न भएको जानाकारीको निर्णय सहितको माग निवेदन,

(ख) उपभोक्ता समितिको विल भरपाई र खर्च समर्थन गरेको निर्णय,

(ग) सामाजिक लेखापरिक्षण र खर्च सार्वजनिकिकरणको निर्णय,

(घ) अनुगमन समितिको प्रतिवेदन,

(ङ) सम्वन्धित पालिका वा वडा कार्यालयको सिफारिस,

(च) सम्पन्न कामको नापी किताव,

(छ) किस्ता भुक्तानी विल,

(ज) कार्य सम्पन्न प्रतिवेदन,

(झ) सम्पन्न कामको फोटोहरु,

(ञ) खर्चका विल भरपाई र डोरहाजीर फारामहरु,

(ट) सम्वन्धित प्राविधिकहरुको अनुगमन प्रतिवेदन सहितको शिफारिस,

(ठ) योजना तथा पर्यटन पूर्वाधार विकास हेर्ने शाखाको शिफारिस,

(ड) योजना हस्तान्तरण गरेको प्रमाण ।

सचिव

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-४

## परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम

१३. संभाब्यता अध्ययन, गुरुयोजना तयारी, विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय अध्ययन लगायतका परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम देहाय अनुसार गरिनेछ।

(क) अध्ययन गरिने कृयाकलापका लागि विषय विज्ञको सहयोगमा आयोजना वा कार्यालयको कर्मचारीले वा आयोजनाको विशेषज्ञ ईन्जिनियरले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(ख) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(ग) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यदेश दिईनेछ।

(घ) कायदिश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक, मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ ।प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ङ) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन प्राविधिक समितिले पुनरावलोकन गर्नेछ। प्राविधिक समितिले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित प्रतिवेदन पेश गर्नेछ।

## परिच्छेद-५

## घुमफिर वर्ष कार्यान्वयन, मेला महोत्सव तथा प्रचार प्रसार

१४. घुमफिर वर्ष कार्यन्वयन : (१) आ.व.२०७९/०८० लाई बागमती प्रदेश सरकारले घुमफिर वर्षको रुपमा घोषणा गरेकोले सो को कार्यान्वयनको लागि मन्त्रालयमा कार्यक्रम कार्यान्वयन समिति गठन गरिनेछ ।

(२) कार्यक्रम कार्यान्वयन समितिले घुमफिर वर्ष कार्यान्वयनको लागि वार्षिक कृयाकलाप तयार गर्दा देहाय बमोजिमको आधार लिनु पर्नेछ।

(क) घुमफिर वर्ष प्रवर्द्धन गर्न श्रब्यदृष्य सामाग्रीहरुको रेडियो, टेलिभिजन तथा सामाजिक संजाल आदिका लागि उत्पादन र प्रसारण(अन्तराष्ट्रिय)

(ख) प्रदेश भित्रका महत्वपूर्ण पर्यटकीय गन्तब्यहरु समेटिएको पुस्तक, ब्रोसियर, पम्प्लेट आदिको उत्पादन एवम् वितरण

(ग) घुमफिर वर्ष प्रवर्द्धनमा लागि (स्टिकर, मायाको चिनो, लोगो, भेस्ट, ज्याकेट, टोपी,ब्याच,नारा,आदी) उत्पादन तथा वितरण



सचिव

(घ) वेभसाइटको क्षमता वृद्धि

(ङ) प्रदेशको पर्यटकीय नक्सा उत्पादन तथा वितरण

(च) प्रदेशको पर्यटकिय गन्तव्यहरुको प्रवर्द्धनको लागि विदेशी Expo, Seminar, Summit हरुमा भाग लिने तथा Stall राख्ने

(छ) होर्डिङ्ग वोर्ड,Electronic Display, Board Installation and Display

(ज) घुमफिर वर्ष प्रवर्द्धनका लागि नेपाल स्थित विदेशी नियोग तथा राजदुतावासका उच्च पदस्थ व्यक्तिहरुको भ्रमण।

(झ) घुमफिर वर्ष प्रवर्द्धनका लागि अन्तरप्रदेश भ्रमण एवम् आमन्त्रण।

(ञ) घुमफिर वर्ष प्रवर्द्धनका लागि सांस्कृतिक कार्यक्रम, मेला महोत्सव, प्रदर्शनी, जात्रा, पुजा तथा प्रतियोगिता संचालन

(ट) घुमफिर वर्ष प्रवर्द्धनका लागि राष्ट्रिय,अन्तराष्ट्रिय संघ संस्थाको सहकार्यमा विभिन्न कार्यक्रमहरु गर्ने।

(ठ) घुमफिर वर्ष प्रवर्द्धनका लागि नारा तयारी र सदभावना दूत नियूक्ति गर्ने।

(३) कार्यक्रम कार्यान्वयन समितिले उपदफा (२) बमोजिम तयार भएको कृयाकलापलाई स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) यो कार्यक्रम कार्यान्वयन गर्दा मन्त्रालय आफै वा कार्यक्रम संग सम्बन्धित संघसंस्था, सरकारी निकाय, स्थानीय तह संघसंस्था समेत संग सहकार्य समन्वय र साझेदारी गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

१५. मेला, महोत्सव वा प्रदर्शनी सञ्चालनमा सहयोग : (१) कुनै पनि मेला,महोत्सव वा प्रदर्शनी कार्यक्रम संचालन गर्दा स्थानीय तहको सिफारिस, कुल लागत अनुमान, खर्चको साझेदारीको विषय, आयोजक समितिको निर्णय लगायतका विषय समावेश गरी कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(२) मन्त्रालय वा मातहतका निकाय आफै वा कार्यक्रम संग सम्बन्धित संघ संस्था, स्थानीय तह, सरकारी निकाय समेत संग सहकार्य समन्वय र साझेदारी गरी कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) पर्यटन संग सम्बन्धित मेला महोत्सव वा प्रदर्शनी संचालन गर्दा सम्बन्धित संस्था संग कार्यालयले सम्झौता गरी लागत अनुमानको आंशिक वा पूर्ण रकम उपलब्ध गराउन सक्ने छ । सो को विल भर्पाई कार्य सम्पन्न प्रतिवेदन सहित कार्यालय वा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।प्राप्त कागजातको जाँचबुझ गरि नियमानुसार भुक्तानी गरिनेछ ।

१६. प्रचार प्रसार: प्रचार प्रसार कार्य अन्तर्गत देहाय बमोजिमका कृयाकलापहरु संचालन गरिनेछ ।

(क) पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तयार पारेका श्रब्यदृष्य सामाग्रीहरुको टेलिभिजनहरु तथा सामाजिक संजालहरु (फेसवुक, युट्युव आदि) बाट प्रसारण,

(ख) प्रदेशमा रहेका महत्वपूर्ण गन्तब्यहरु समेटिएको किताव, व्रोसियर, पम्प्लेट तयारी, छपाइ एवं वितरण



सचिव

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

(ग) पर्यटन प्रवर्द्धनका लागि रेडियो एवं टेलिभिजन कार्यक्रम उत्पादन र प्रसारण

(घ) पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने खालका स्टिकर, लोगो, भेस्ट, ज्याकेट, टोपी, व्याच तयारी तथा वितरण

## परिच्छेद-६

## पर्यटन पूर्वाधार निर्माणको लागि विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा (प्याकेज अनुसार-आ.व. २०७८/७९ मा कार्यरत इन्जिनियरिङ्ग सेवामा करारमा कार्यरत प्राविधिकहरुलाई निरन्तरता दिने एवं खरिद योजना तथा DPR को लागि थप दुई जना इन्जिनियर समेत)(सिनियर विशेषज्ञ इन्जिनियर-१,विशेषज्ञ इन्जिनियर-६,सव-इन्जिनियर-९) (विज्ञ र सल्लाहकार सेवा)

१७. इन्जिनियरिङ्ग परामर्श सेवा: (१)आर्थिक वर्ष २०७८/७९ मा विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवामा कार्यरत सब-इन्जिनियर, विशेषज्ञ इन्जिनियर र सिनियर विशेषज्ञ इन्जिनियरहरुलाई कार्यसम्पादनको आधारमा निरन्तरता दिइनेछ।

(२) उपदफा (१) बमोजिमका इन्जिनियरहरुको कार्यसम्पादन संतोषजनक नभएमा वा राजिनामा दिएमा वा कुनै कारणवश हाजिर हुन नआएमा सो पदमा नयाँ नियुक्ती गर्न सकिने छ ।

(३) उपदफा (१) र (२) अनुसारका इन्जिनियरहरुलाई आ.व. २०७८/७९ मा खाईपाई आए सरहको पारिश्रमिक मासिक रुपमा उपलब्ध गराइनेछ।

(४) नयाँ नियुक्ति भएका सब-इन्जिनियर, विशेषज्ञ इन्जिनियर र सिनियर विशेषज्ञ इन्जिनियरहरुको हकमा वागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५/१०/२९ च.नं. ६३८ को पत्रमा उल्लेखित मिति २०७५/१०/२८ को मन्त्रिस्तरीय निर्णय अनुसारको रकममा नवढ्ने गरी निजसंग भएको करार सम्झौताको आधारमा तोकिएको पारिश्रमिक मासिक रुपमा भूक्तानी गरिनेछ।

(५) कार्यालयको कामको सिलसिलामा स्थलगत रुपमा खटिदा वागमती प्रदेश सरकारको प्रदेश भ्रमण खर्च नियमावली, २०७७ बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ।

(६) विशेषज्ञ इन्जिनियर तथा सव इन्जिनियरलाई मन्त्रालय अन्तर्गतका निकायहरुमा कामकाज गर्ने गरी खटाउन सकिनेछ।

(७) कार्यरत सव ईन्जिनियरको पद कुनै कारणवाट रिक्त हुन गएमा न्यूनतम शैक्षिक योग्यता, कम्तिमा ६ (छ) महिनाको कार्य अनुभव र सामान्य अन्तरवार्ता प्रक्रियावाट तत्काल उपयुक्त व्यक्ति छनोट गरि कार्य जिम्मेवारी तोकि सम्झौता गरी काममा लगाउन सकिनेछ।

(८) कार्यरत विशेषज्ञ ईन्जिनियर तथा सिनियर विशेषज्ञ ईन्जिनियरको पद कुनै कारणवाट रिक्त भएमा खुल्ला प्रतिस्पर्धाद्वारा छनोट गरिनेछ।

(९) विशेषज्ञ ईन्जिनियरको कार्यजिम्मेवारी अनुसूची-१ वमोजिम हुनेछ। सोमा थपघट हुनसक्ने कार्य जिम्मेवारीको आधारमा संशोधित कार्यजिम्मेवारी तयार गरी सम्झौता गर्न सकिनेछ।

सचिव

(१०) सिनियर विशेषज्ञ ईन्जिनियरको कार्य जिम्मेवारी अनुसूची-२ वमोजिम हुनेछ। सोमा थपघट हुनसक्ने कार्य जिम्मेवारीको आधारमा संशोधित कार्य जम्मेवारी तयार गरी सम्झौता गर्न सकिनेछ।

१८. विशेषज्ञ ईन्जिनियर तथा सिनियर विशेषज्ञ ईन्जिनियरको लागि दरखास्त संकलनः (१) पर्यटन विकास आयोजनाले विशेषज्ञ ईन्जिनियर तथा सिनियर विशेषज्ञ ईन्जिनियरको लागी निजको शैक्षिक योग्यता र कार्य अनुभव, निजले सम्पादन गर्नुपर्ने कार्यविवरण, पारिश्रमिक र अन्य सुविधा र निवेदनको ढांचा खुलाई आयोजना, मन्त्रालयको सूचना पाटी र वेवसाईट तथा कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा सात दिनको म्याद दिई सूचना प्रकाशन गरिनेछ।

(२) विशेषज्ञ ईन्जिनियरको आवश्यक्ता सम्वन्धि विज्ञापनको सूचना अनुसूची-३ वमोजिम हुनेछ।

(३) सिनियर विशेषज्ञ ईन्जिनियरको आवश्यक्ता सम्वन्धि विज्ञापनको सूचना अनुसूची-४ वमोजिम हुनेछ।

(४) विशेषज्ञ ईन्जिनियर तथा सिनियर विशेषज्ञ ईन्जिनियरको लागि दरखास्त दिने निवेदनको ढांचा अनुसूची-५ वमोजिम हुनेछ।

१९. विशेषज्ञ ईन्जिनियर तथा सिनियर विशेषज्ञ ईन्जिनियरको छनोटः (१) सिनियर विशेषज्ञ ईन्जिनियर तथा विशेषज्ञ ईन्जिनियर छनोट गरी सिफारिस गर्नको लागि मन्त्रालयद्बरा देहाय अनुसारको एक छनोट समिति गठन गरिनेछ।

संयोजक - आयोजना प्रमुख, पर्यटन विकास आयोजना वा महाशाखा प्रमुख, संस्कृति तथा पर्यटन मन्त्रालय वा सचिवज्यूले तोकिदिनुभएको उपसचिव/ अधिकृत नवौं/दशौं तहको कर्मचारी

सदस्य (विषय विज्ञ) — बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडाले तोकिदिएको नेपाल ईन्जिनियरीङ सेवाको कम्तिमा नवौं तहको प्राविधक कर्मचारी

सदस्य — बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालय, हेटौंडाले तोकिदिएको कम्तिमा आठौं तहको कर्मचारी

सदस्य — लेखा अधिकृत, पर्यटन विकास आयोजना, हेटौंडा

सदस्य सचिव — खरीद इकाई संयोजक, पर्यटन विकास आयोजना, हेटौंडा।

(२) उपदफा (१) वमोजिमको छनोट समितिले विशेषज्ञ ईन्जिनियर तथा सिनियर विशेषज्ञ ईन्जिनियर छनोटको लागि प्रकृया र कार्यविधि आफै निर्धारण गर्नेछ ।सोको लागि आवश्यक पर्ने फारामहरु, मुल्यांकनको तरिका, अन्तरर्वार्ताको विषयवस्तु र सोको अंकभार विभाजन तथा अन्य प्रकृयाहरु समेत आफै निर्धारण गर्नेछ।

(३) विशेषज्ञ ईन्जिनियरको न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव अनुसूची-६ वमोजिम हुनेछ।

(४) सिनियर विशेषज्ञ ईन्जिनियरको शैक्षिक योग्यता र कार्य अनुभव अनुसूची-७ वमोजिम हुनेछ।

(५) प्राप्त दरखास्तमध्ये देहाय वमोजिम योग्य उम्मेदवारहरुको सूचिकृत गरिनेछ ।

(क) संलग्न कागाजातहरु प्रमाणित भएको

सचिव

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

(ख) न्यूनतम शैक्षिक योग्यता र न्यूनतम कार्य अनुभव भएको

(६) विशेषज्ञ ईन्जिनियरको लागि सूचिकृत भएका उम्मेदवारहरुको छनोटको आधार अनुसूची-८ वमोजिम हुनेछ।

(७) सिनियर विशेषज्ञ ईन्जिनियरको सूचिकृत भएका उम्मेदवारहरुको छनोटको आधार अनुसूची-९ वमोजिम हुनेछ।

## परिच्छेद-७

## बहुवर्षिय तथा क्रमागत योजना कार्यान्वयन सम्बन्धी

२०. स्वीकृत बहुवर्षिय खरिद योजना कार्यान्वयनः- विगत आ.व. मा खरिद सम्झौता भई कार्यान्वयनमा रहेका बहुवर्षिय ठेक्काका योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

२१. क्रमागत योजना कार्यान्वयनः- विगत आ.व. मा खरिद सम्झौता भई, म्याद थप गरी कार्यान्वयनमा रहेका क्रमागत योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

## परिच्छेद-८

## विविध

२२. सांस्कृतिक संस्थानको समन्वयमा वुद्ध थियटर फेस्टिभल सञ्चालनमा सहयोग : डवली रंगकर्मीहरुको सहकार्यमा वुद्ध थियटर फेस्टिभल सञ्चालनमा सहयोग कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ।

२३. बागमती प्रदेशको पर्यटकीयस्थलको प्रचार प्रसारकोलागि निर्माणाधिन चलचित्रलाई सहयोग : (१)यस शिर्षकको रकम मन्त्रालयले तोकेको पर्यटकीय स्थल, कला, संस्कृति तथा परम्पराको प्रचारप्रसार हुने गरि छायांङ्कन तथा निर्माण हुने चलचित्रलाई प्रदान गरिनेछ।

(२) त्यस्तो रकम आ.व. २०७९/८० मा निर्माण हुने चलचित्रलाई तोकिएको मापदण्डको आधारमा अनुदानको रुपमा प्रदान गरिनेछ।

२४. यस कार्यविधिमा समावेश हुन नसकेका कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रचलित कानून तथा तालुक निकायको निर्णय एवं परिपत्र बमोजिम सञ्चालन गरिने छ।

२५. कुनै सामुदायिक वन, धार्मिक वन, कबुलियती वन वा वन संरक्षण क्षेत्रको सिमानाभित्र पर्यटकिय आयोजना संचालन हुने भए प्रचलित वन ऐन र नियमावली अनुसार सम्वन्धित वनको कार्ययोजनामा समावेश गरी कार्ययोजना स्विकृत भए पछि मात्र निर्माण कार्य प्रारम्भ गरिनेछ।

२६. संघिय शशर्त मार्फत प्राप्त अख्तियारी वमोजिमका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधि वनेको भए सोही वमोजिम र नवनेको भए यसै कार्यविधिमा भएको व्यवस्था वमोजिम कार्यान्वयन गरिनेछ।



सचिव

अनुसूची-१

## विशेषज्ञ इन्जिनियरिङ परामर्श सेवा उपलब्ध गराउने प्राविधिकले सम्पादन गर्नु पर्ने कार्यहरु– विशेषज्ञ ईन्जिनियरको कार्य जिम्मेवारी

विशेषज्ञ ईन्जिनियरले आयोजना प्रमुखको निर्देशन र नियन्त्रण तथा सिनियर विशेषज्ञ ईन्जिनियरको सुपरीवेक्षण र मातहतमा रही आयोजनाको पर्यटन पूर्वाधार विकास एवम् योजना तथा अनुगमन शाखाको करार सेवाको कर्मचारीको रुपमा देहायका विशेषज्ञ इन्जिनियरिङ परामर्श सेवासंग सम्वन्धित कार्य गर्नु/गराउनु पर्नेछ।

<u>तपसिल</u>

१.आयोजनाबाट गराउने सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य यस्तै अध्ययन अनुसन्धान प्रकृतिका कामको कार्य-क्षेत्रगत शर्त (Terms of Reference i.e. TOR), सोको लगत इष्टिमेट, खरीद कागजात, प्रस्ताव आह्वान, मुल्यांकन तथा संम्झौतासंम्वन्धि कागजातहरु तयार गर्ने र स्वीकृतिको लागी सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष पेश गर्ने। आवश्यक्ता अनुसार यस्ता परामर्श सेवाको काममा खरीद तथा मुल्यांकन समितिको सदस्य भै काम गर्ने।

२.परामर्शदाताले पेश गरेका सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य अध्ययन/अनुसन्धान लगायतका दस्तावेजहरुको अध्ययन, मस्यौदाको पुनरावलोकन, फिल्ड भेरीफिकेशन गरी आवशयक सुधारको लागि पृष्ठपोषण दिने तथा सुधार भई आए पश्चात् सहमति तथा स्वीकृतिको लागि सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष पेश गर्ने ।

३.अन्य निकायहरुवाट पेश भएका सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य अध्ययन/अनुसन्धान लगायतका दस्तावेजहरुको अध्ययन, पुनरावलोकन र फिल्ड भेरीफिकेशन गरी आयोजनाको लागी कार्यान्वायन योग्य वनाइ स्वीकृतिका लागि सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष पेश गर्ने।

४.निर्माण कामको ठेक्का सम्बन्धी कागजात (Bidding Documents) तयार गर्ने, प्रस्ताव आह्वान, मुल्यांकन तथा संम्झौतासंम्वन्धि कागजातहरु तयार गर्ने र स्वीकृतिको लागी सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष पेश गर्ने, यस सम्वन्धि सम्पूर्ण प्रकृयामा समन्वय, सरसल्लाह र सहजीकरण गर्ने एवं खरीद तथा मुल्याङ्कन समितिको सदस्य भै काम गर्ने।

५.ठेक्का व्यवस्थापन संम्वन्धि कार्यहरु जस्तै वैंक जमानतको हदम्याद र व्यवस्थित अभिलेखन, निर्माण व्यवसायीलाइ समयमै पत्राचार, कार्य प्रगति प्रतिवेदनहरु र पृष्ठपोषणहरुको व्यवस्थित अभिलेख तयार पार्ने। संम्झौताका म्याद थप र सजायां तथा कारवाही जस्ता कामहरु कानुन वमोजिम समयमै सम्पादन गर्न लिखत तयार पार्ने, यस संम्वन्धि समन्वय, सरसल्लाह र सहजिकरण गर्ने तथा निर्णयको लागी सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष पेश गर्ने।

६.कार्यान्वयनमा रहेका निर्माण कार्यको समय समयमा फिल्ड अनुगमन गर्ने, साइट इन्चार्जले पेश गरेको फिल्ड नापीको भेरिफिकेशन गर्ने वा स्वयं नापी लिई मूल्याङ्कन गरी किस्ता भुक्तानी वील तथा कार्य सम्पन्न प्रतिवेदनका कागजातहरु तयार पारी भुक्तानीको लागी सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष पेश गर्ने।

७.एक करोड रुपैयाँसम्म लागत अनुमान हुने योजनाको सर्भे, डिजाइन, नक्सा तयारी तथा लगत इष्टिमेट तयार गर्ने, पुनरावलोकन गर्ने तथा स्विकृतिको लागी सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष स्विकृतिको लागी पेश गर्ने।

सचिव

८.उपभोक्ता समिति मार्फत् हुने कामको ल. इ. स्विकृत, सम्झौता, कार्यान्वायन, कार्य सम्पन्न तथा भुक्तानी प्रकृयामा सहभागी भै समन्वय तथा सहजीकरण गर्ने, सो सम्वन्धि लिखतहरु तयार पारी सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष स्विकृति तथा भुक्तानीको लागी पेश गर्ने।

९.आफूले सम्पादन गरेको काम र आफू मातमहत संचालित आयोजनाको त्रैमासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदनहरु तयार पार्ने, आन्तरिक तथा अन्तिम लेखापरिक्षण हुंदा सम्पन्न तथा कार्यान्वयनमा रहेका योजनाहरुको प्राविधिक पक्षहरुलाई स्पष्ठ पार्ने।

१०.आफू मातहतका प्राविधिक कर्मचारीहरुको सुपरीवेक्षक भै काम गर्ने, नीजहरुलाइ काममा लगाउने तथा नीजहरुको अर्धवार्षिक रुपमा कार्य सम्पादन मुल्यांकन गरी पेश गर्ने।

११.आफूले गरेका कामको पाक्षिक (१५/१५ दिने) प्रतिवेदन सिनियर विशेषज्ञ ईन्जिनियर मार्फत आयोजना प्रमुख समक्ष पेश गर्ने।

१२.आयोजना प्रमुख र सिनियर विशेषज्ञ इन्जिनियरले मौखिक तथा लिखित रुपमा तोकिदिएको इन्जिनियरिङ्ग परामर्श सेवासँग सम्बन्धित अन्य कार्यहरु गर्ने।

सचिव

अनुसूची-२

## विशेषज्ञ इन्जिनियरिङ परामर्श सेवा उपलब्ध गराउने प्राविधिकले सम्पादन गर्नु पर्ने कार्यहरु– सिनियर विशेषज्ञ ईन्जिनियरको कार्य जिम्मेवारी

सिनियर विशेषज्ञ ईन्जिनियरले आयोजना प्रमुखको प्रत्यक्ष निर्देशन, नियन्त्रण तथा सुपरीवेक्षण र मातहतमा रही आयोजनाको पर्यटन पूर्वाधार विकास एवम् योजना तथा अनुगमन शाखाको करार सेवाको कर्मचारीको रुपमा देहायका विशेषज्ञ इन्जिनियरिङ परामर्श सेवासंग सम्वन्धित कार्य गर्नु/गराउनु पर्नेछ ।

तपसिल

१.आयोजनाबाट गराउने सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य यस्तै अध्ययन अनुसन्धान प्रकृतिका कामको कार्य-क्षेत्रगत शर्त (Terms of Reference i.e. TOR), सोको लगत इष्टिमेट, खरीद कागजात, प्रस्ताव आह्वान, मुल्यांकन तथा संम्झौता संम्वन्धि कागजातहरु तयार गर्ने कामको नेतृत्व गर्ने र स्वीकृतिको लागी सिफारिस सहित आयोजना प्रमुख समक्ष पेश गर्ने । परामर्श सेवा सम्वन्धि कामको खरीद तथा मुल्यांकन समितिको सदस्य भै काम गर्ने।

२.परामर्शदाताले पेश गरेका सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य अध्ययन/अनुसन्धान लगायतका दस्तावेजहरुको अध्ययन, मस्यौदाको पुनरावलोकन, फिल्ड भेरीफिकेशन गरी आवश्यक सुधारको लागि पृष्ठपोषण दिने कार्यको प्राविधिक पक्षको नेतृत्व गर्ने तथा सुधार भई आए पश्चात् सहमति तथा स्वीकृतिको लागि सिफारिस सहित आयोजना प्रमुख समक्ष पेश गर्ने ।

३.अन्य निकायहरुवाट पेश भएका सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), गुरु योजनाहरु (Master Plans), विस्तृत परियोजना प्रतिवेदन (DPR) र अन्य अध्ययन/अनुसन्धान लगायतका दस्तावेजहरुको अध्ययन, पुनरावलोकन र फिल्ड भेरीफिकेशन गरी आयोजनाको लागी कार्यान्वायन योग्य वनाइ स्वीकृतिका लागि सिफारिस सहित आयोजना प्रमुख समक्ष पेश गर्ने।

४.वहुवर्षिय योजनाहरुको स्रोत सुनिश्चतता र ठेक्का प्रकृयाका लिखतहरु तयार पार्ने, प्राविधिक तथा वातावरणिय प्रतिवेदनहरु तयार पार्ने कार्यदल तथा प्राविधिक समितिको नेतृत्व गर्ने, प्रतिवेदनहरु पुनरावलोकन गर्ने, पृष्ठपोषण दिने र स्विकृतिको लागि सिफारिस सहित आयोजना प्रमुख समक्ष पेश गर्ने।

५.निर्माण कामको ठेक्का सम्बन्धी कागजात (Bidding Documents) तयार गर्ने, प्रस्ताव आह्वान, मुल्यांकन तथा संम्झौता संम्वन्धि कागजातहरु तयार गर्ने कामको नेतृत्व गर्ने र स्वीकृतिको लागि सिफारिस सहित आयोजना प्रमुख समक्ष पेश गर्ने एवं यस सम्वन्धि सम्पूर्ण प्रकृयामा समन्वय, सरसल्लाह र सहजीकरण गर्ने, यस सम्वन्धि खरीद तथा मुल्याङ्कन समितिको सदस्य भै काम गर्ने।

६.ठेक्का व्यवस्थापन संम्वन्धि कार्यहरु जस्तै वैंक जमानतको हदम्याद र व्यवस्थित अभिलेखन, निर्माण व्यवसायीलाइ समयमै पत्राचार, कार्य प्रगति प्रतिवेदनहरुको व्यवस्थित अभिलेखन र पृष्ठपोषण तथा संम्झौताका म्याद थप र सजायां तथा कारवाही जस्ता कामहरु कानुन वमोजिम समयमै सम्पादन गर्न समन्वय, सरसल्लाह र सहजिकरण गर्ने तथा निर्णयको लागी आयोजना प्रमुख समक्ष पेश गर्ने।

७.कार्यान्वयनमा रहेका निर्माण कार्यको समय समयमा फिल्ड अनुगमन गर्ने, सम्वन्धित पक्षलाई पृष्ठपोषण उपलव्ध गराउने। योजना विशेषको कार्य प्रगतिको प्रतिवेदन तयार पार्ने, साइट इन्चार्जले पेश गरेको फिल्ड नापीको आधारमा विशेषज्ञ ईन्जिनियरले



सचिव

प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

मूल्याङ्कन गरी पेश गरेको किस्ता भुक्तानी वील तथा कार्य सम्पन्न प्रतिवेदनका कागजातहरु चेकजांच गरी, अन्तिम रुपमा तयार पारी भुक्तानीको लागी सिफारिस सहित आयोजना प्रमुख समक्ष पेश गर्ने।

८.एक करोड रुपैयाँसम्म लागत अनुमान हुने योजनाको सर्भे, डिजाइन, नक्सा तयारी तथा लगत इष्टिमेट तयार गर्ने/गराउने, पुनरावलोकन गर्ने, फिल्ड भेरीफिकेशन गर्ने तथा स्विकृतिको लागी सिफारिस सहित आयोजना प्रमुख समक्ष पेश गर्ने।

९.उपभोक्ता समिति मार्फत् हुने कामको ल. इ. स्विकृत, सम्झौता, कार्यान्वायन, कार्यसम्पन्न तथा भुक्तानी प्रकृयामा नेतृत्व गरी समन्वय तथा सहजीकरण गर्ने, सो सम्वन्धि लिखतहरु अन्तिम रुपमा तयार पारी सिफारिस सहित आयोजना प्रमुख समक्ष स्विकृति तथा भुक्तानीको लागी पेश गर्ने।

१०.आयोजनाको त्रैमासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदनहरु तयार पार्ने, आन्तरिक तथा अन्तिम लेखापरिक्षण हुंदा सम्पन्न तथा कार्यान्वयनमा रहेका योजनाहरुको खरीद तथा मुल्यांकनका र ठेक्का व्यवस्थापनका विविध पक्षहरु र प्राविधिक पक्षहरुलाई स्पष्ठ पार्ने।

१२.आफू मातहतका प्राविधिक कर्मचारीहरुको सुपरीवेक्षक भै काम गर्ने, नीजहरुलाइ काममा लगाउने तथा नीजहरुको अर्धवार्षिक रुपमा कार्य सम्पादन मुल्यांकन गरी पेश गर्ने।

१३.आफूले गरेका कामको पाक्षिक (१५/१५ दिने) प्रतिवेदन आयोजना प्रमुख समक्ष पेश गर्ने।

१४.आयोजना प्रमुखले मौखिक तथा लिखित रुपमा तोकिदिएको इन्जिनियरिङ्ग परामर्श सेवासँग सम्बन्धित अन्य कार्यहरु गर्ने।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-३

बागमती प्रदेश सरकार

संस्कृति तथा पर्यटन मन्त्रालय

# पर्यटन विकास आयोजना

हेटौंडा, मकवानपुर, नेपाल

## विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा करारमा लिने सम्बन्धी सूचना

## विज्ञापन नं.....

(प्रथम पटक सूचना प्रकाशित मिति २०.../.../...)

पर्यटन विकास आयोजना, बागमती प्रदेश, हेटौंडा, मकवानपुरमा तपसिल बमोजिमका विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा शैक्षिक योग्यता, कार्य अनुभव र अन्तरर्वार्ता प्रक्रियाद्वरा छनोट गरी करारमा लिनु पर्ने भएकोले तोकिए बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले .... दिनभित्र यस आयोजनामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी आवेदन फारम, कार्यविवरण, योग्यता, पारिश्रमिक सहितको विस्तृत विवरण संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, नेपालको वेबसाईट https://mocat.bagamati.gov.np र पर्यटन विकास आयोजना, हेटौंडाको वेबसाईट https://tdp.p3.gov.np मा उपलब्ध रहेको छ ।

**आवश्यक सेवा सम्बन्धी विवरण**

| क्र.सं. | पद | संख्या | आवश्यक न्यूनतम | |
|---|---|---|---|---|
| | | | शैक्षिक योग्यता | कार्य अनुभव |
| १ | विशेषज्ञ इन्जिनियर | ..... | सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातक गरी नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र लिएको । | नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र प्राप्त गरे पश्चात् सम्बन्धित काममा कम्तिमा तीन वर्षको अनुभव भएको प्रमाणपत्र । |

**नोटः**

१. संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ ।
२. अनुसूची ३ बमोजिमको निवेदनमा उल्लेखित कागजातहरु (निवेदन र शैक्षिक योग्यता र अनुभवको प्रमाणित कागजातहरु) लाई खाममा राखी शिलबन्दी गरेको हुनुपर्नेछ । खाममा बायाँतर्फ निवेदकको नाम, थर, ठेगाना र सम्पर्क नं. उल्लेख गरी दायाँतर्फ यस आयोजनाको नाम र ठेगाना उल्लेख भएको हुनुपर्नेछ, साथै खाम बाहिर "विषयः विशेषज्ञ इन्जिनियर पदको लागी निवेदन पेश गरेको" भनी उल्लेख गर्नुपर्नेछ ।
३. प्राप्त निवेदनहरुलाई छनोट विधिको आधारमा प्रारम्भिक सूचिकृत गरिनेछ। सूचिकृत भएका उम्मेदवारहरुलाई अन्तरवार्ताको लागि बोलाइनेछ ।

२।३।२०७८।१।१६

सचिव

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-४

बागमती प्रदेश सरकार

संस्कृति तथा पर्यटन मन्त्रालय

# पर्यटन विकास आयोजना

हेटौंडा, मकवानपुर, नेपाल

## सिनियर विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा करारमा लिने सम्बन्धी सूचना

## विज्ञापन नं.....

(प्रथम पटक सूचना प्रकाशित मिति २०.../.../...)

पर्यटन विकास आयोजना, बागमती प्रदेश, हेटौंडा, मकवानपुरमा तपसिल बमोजिमका विशेषज्ञ इन्जिनियरिङ्ग परामर्श सेवा शैक्षिक योग्यता, कार्य अनुभव र अन्तरवार्ता प्रक्रियाद्वरा छनोट गरी करारामा लिनु पर्ने भएकोले तोकिए बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले .... दिनभित्र यस आयोजनामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी आवेदन फारम, कार्यविवरण, योग्यता, पारिश्रमिक सहितको विस्तृत विवरण संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, नेपालको वेबसाईट https://mocat.bagamati.gov.np र पर्यटन विकास आयोजना, हेटौंडाको वेबसाईट https://tdp.p3.gov.np मा उपलब्ध रहेको छ ।

**आवश्यक सेवा सम्बन्धी विवरण**

| क्र.सं. | पद | संख्या | आवश्यक न्यूनतम | |
|---|---|---|---|---|
| | | | शैक्षिक योग्यता | कार्य अनुभव |
| १ | सिनसयर विशेषज्ञ इन्जिनियर | ..... | -मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नात्तकोत्तर उर्तिण गरेको<br>-नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र लिएको । | नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र लिएपछि अध्ययन अवधि वाहेक सिभिल ईन्जिनियरीङ निर्माणको क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव, सोमध्ये इन्जिनियरिङ्ग विषयमा स्नात्तकोत्तर उर्तिण गरेपछि कम्तिमा २ वर्षको कार्यअनुभव । |

**नोटः**

१. संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ ।

२. अनुसूची ३ बमोजिमको निवेदनमा उल्लेखित कागजातहरु (निवेदन र शैक्षिक योग्यता र अनुभवको प्रमाणित कागजातहरु) लाई खाममा राखी शिलबन्दी गरेको हुनुपर्नेछ । खाममा बायाँतर्फ निवेदकको नाम, थर, ठेगाना र सम्पर्क नं. उल्लेख गरी दायाँतर्फ यस आयोजनाको नाम र ठेगाना उल्लेख भएको हुनुपर्नेछ, साथै खाम बाहिर "विषयः सिनियर विशेषज्ञ इन्जिनियर पदको लागी निवेदन पेश गरेको" भनी उल्लेख गर्नुपर्नेछ ।

३. प्राप्त निवेदनहरुलाई छनोट विधिको आधारमा प्रारम्भिक सूचिकृत गरिनेछ। सूचिकृत भएका उम्मेदवारहरुलाई अन्तरवार्ताको लागि बोलाइनेछ ।

२०८२।०८।१८

सचिव

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-५

**निवेदनको ढाँचा**

मितिः ........../...../.....

श्रीमान् आयोजना प्रमुखज्यू,
पर्यटन विकास आयोजना,
हेटौंडा, मकवानपुर, नेपाल ।

| हालसालै खिचिएको मुखाकृति देखिने पासपोर्ट साइजको फोटो |
| --- |

विषय :- करार सेवामा काम गर्ने अवसर पाउँ भन्ने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा त्यस आयोजनाको मिति २०.../.../... को ....राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म त्यस आयोजनामा करार सेवामा कामकाज गर्न इच्छुक भएकोले मेरो निम्न विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

(१.) कामकाज गर्न चाहेको पद :-
(२.) नाम, थर :-
(३.) स्थायी ठेगाना :-
(४.) हाल बसोबास रहेको ठेगाना :-
(५.) शैक्षिक योग्यता :-
(६.) कार्य अनुभव :-
(७.) सम्पर्क विवरण :-
(क.) फोन/मोबाइल नं. :-
(ख.) E-mail ID :-

**निवेदक**
नामः-
दस्तखतः-
मितिः- ........... /........ /......

**संलग्न कागजातहरु :-**
(१.) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, पाना ......(....) थान १(एक) ।
(२.) हालसालै अध्यावधिक गरिएको सि.भि., पाना ......(....) थान १(एक) ।
(३.) शैक्षिक योग्यता खुल्ने प्रमाणित प्रतिलिपी, पाना ......(....) थान १(एक) ।
(४.) कार्य अनुभव खुल्ने प्रमाणित कागजातहरु, पाना ......(....) थान १(एक) ।
(५.) अन्य केहि भए उल्लेख गर्नेः ... ... ... ... ... ... ... ... ... ... ... ... ...

सचिव

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-६

## विशेषज्ञ ईन्जिनियर न्यूनतम योग्यता र कार्य अनुभव

| पद | न्यूनतम | |
|---|---|---|
| | शैक्षिक योग्यता | कार्य अनुभव |
| विशेषज्ञ इन्जिनियर | सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातक गरी नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र लिएको। | नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र प्राप्त गरे पश्चात सिभिल ईन्जिनियरीङ निर्माणको क्षेत्रमा कम्तिमा तीन वर्षको अनुभव। |

सचिव

अनुसूची-७

## सिनियर विशेषज्ञ इन्जिनियर न्यूनतम योग्यता र कार्य अनुभव

| पद | न्यूनतम | |
|---|---|---|
| | शैक्षिक योग्यता | कार्य अनुभव |
| सिनियर विशेषज्ञ इन्जिनियर | -मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नात्तकोत्तर उर्तिण गरेको ।<br>-नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र लिएको । | नेपाल इन्जिनियरिङ्ग परिषद् (Nepal Engineering Council) बाट दर्ता प्रमाण पत्र लिएपछि अध्ययन अवधि वाहेक सिभिल ईन्जिनियरीङ निर्माणको क्षेत्रमा कम्तिमा पांच वर्षको कार्य अनुभव, सोमध्ये इन्जिनियरिङ्ग विषयमा स्नात्तकोत्तर उर्तिण गरेपछि कम्तिमा दुई वर्षको कार्यअनुभव । |

सचिव

अनुसूची-८

विशेषज्ञ ईन्जिनियरको लागि सूचिकृत भएका उम्मेदवारहरुको छनोटका अधारहरु

| क्र.सं. | छनौटका आधारहरु | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| **१** | **शैक्षिक योग्यता** | **३५** | |
| १.१ | न्यूनतम | २५ | |
| १.२ | एक तह माथि | १० | |
| **२** | **कार्य अनुभव** | **३५** | |
| २.१ | न्यूनतम | २० | |
| २.१ | न्यूनतम मध्ये कम्तिमा एक वर्ष पर्यटन पूर्वाधार निर्माण सम्वन्धि काममा कम्तिमा सव ईन्जिनियर भै काम गरेको भए थप | ५ | |
| २.२ | न्यूनतम भन्दा एक वर्षसम्म बढी | ५ | |
| २.३ | न्यूनतम भन्दा एक वर्ष बढी अवधि पछि थप हुने अवधि (कम्तिमा १ वर्षको गणना गरिनेछ ।) | ५ | |
| **३.** | **अन्तर्वार्ता** | **३०** | |
| | **जम्मा** | **१००** | |

सचिव

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-९

सिनियर विशेषज्ञ ईन्जिनियरको लागि सूचिकृत भएका उम्मेदवारहरुको छनोटका अधारहरु

| क्र.सं. | छनौटका आधारहरु | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| **१** | **शैक्षिक योग्यता** | **३५** | |
| १.१ | न्यूनतम | ३० | |
| १.२ | एक तह माथि | ५ | |
| **२** | **कार्य अनुभव** | **३५** | |
| २.१ | न्यूनतम | २० | |
| २.१ | न्यूनतम मध्ये कम्तीमा दुई वर्ष पर्यटन पूर्वाधार निर्माण सम्वन्धि काममा कम्तीमा सिभिल ईन्जिनियर भै काम गरेको भए थप | ५ | |
| २.२ | न्यूनतम भन्दा एक वर्षसम्म बढी | ५ | |
| २.३ | न्यूनतम भन्दा एक वर्ष बढी अवधि पछि थप हुने अवधि (कम्तिमा १ वर्षको गणना गरिनेछ।) | ५ | |
| **३.** | **अन्तर्वार्ता** | **३०** | |
| | **जम्मा** | **१००** | |

सचिव